## गोडैता नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# नीति तथा कार्यक्रम

## आ.व.०८२/०८३

गोडैता, सर्लाही

मधेस प्रदेश , नेपाल

मितिः२०८२।०३।०९

गोडैता नगरपालिकाको गरिमामय ११ औं नगरसभामा उपस्थित श्रदय प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य तथा आमन्त्रित महानुभाव गोडैता नगरपालिकाको ११ औं नगरसभाको पहिलो बैठकलाई नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु। नेपालको इतिहासका धेरै अप्ठयारा एंव विषम परिस्थिति पार गर्दै आजको अवस्थासम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिन्ताको झण्डा फहराउँदै वीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुँदै आएको छ। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धिको लागि सुरुदेखि हालसम्म भएका राजनीतिक क्रान्ति, महान जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन, विभिन्न जातिय-वर्गिय लगायतका आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ती र समाजवाद उन्मुख नेपाली समाज निर्माणको लागि अगाडी बढदै गर्दा वेपत्ता भएका योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते अपाङ्गहरु योद्धाहरुमा स्वास्थ्यलाभको कामना गर्दछु। साथै यहाँ सभामा उपस्थित सम्पूर्ण सभाका सदस्यहरुलाई म स्वागत गर्दै अभिवादन गर्दछु। म्पूर्ण न्यायप्रेमी खडक नगरवासी, जनप्रतिनीधि, बुद्धिजिवि, कर्मचारीहरुको म प्रतिको आशा, विश्वास, साथ, सहयोग र भरोसाको फलस्वरुप गोडेता नगरपालिकाको विकास निर्माण, आर्थिक समृद्धि तथा सामाजिक विकास लगातका विविध क्षेत्रमा छोटो अवधिमा आमुल परिवर्तन ल्याउन प्रयास गरेको छु । ती मध्ये केही यस प्रकार रहेका छन् ।

<u>चालु आ.व.को विशेष उपलब्धीहरुः</u>

- भुमिहिन दलित भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुलाई भुमि समस्या समाधान आयोगबाट सम्झौता गरि कार्य प्रकृया अगाडी बढाइएको छ ।
- कृषकको मनोबल उच्च राख्न कृषि मिटरको बिलको रकम पालिकाबाट भुक्तानी गरिएको छ ।
- अपेक्षाकृत रुपमा पूर्वाधार विकास कार्यले गति लिई सुविधा युक्त सडकहरु निर्माण भएको छ ।
- ऐलानी पर्ति जग्गाहरुको संरक्षण कार्यलाइ तिव्रता दइएको छ । ।
- शिक्षण सिकाई कियाकलापलाई गुणस्तरयुक्त वनाउन पहल गरिएको छ ।
- शैक्षिक सुधारको लागी विद्यालयहरुमा कमी रहेको शिक्षकको माग बमोजिम स्वंमसेवक शिक्षकको व्यवस्थापन गरिएको छ ।
- प्रदेशस्तरीय ल्याव संचालनमा ल्याइएको छ । ।
- ४ वटा विद्यालयमा २ कोठे र ४ कोठे भवन निर्माण भएको छ ।
- नगरको आफ्नो वडा भवनवाट सेवा प्रवाहको व्यवस्था मिलाउन वडा कार्यालयहरु निर्माण गरिएको छ।
- कृषिलाई आधुनिकिरण र सहज मल व्यवस्थापनका लागि प्राङ्गारिक मल को उचितं व्यव्थापन गरिएकोछ ।
- जनताको घरदैलो सम्म सहज रुपले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका द्वरा स्वास्थ्य सेवा प्रवाह गर्न ९१ जना स्वयंसेविकालाइ साइकल वितरण गरिएको ।
- गोडैता नगरपालिकाको आयोजनामा नगरको विभिन्न वडाहरुमा मोतियाविन्दु को स्क्रिनिंग तथा अप्रेशन सम्बन्धि आखा शिविर संचालन गरिएकोमा त्यसबाट जम्मा आखा जाच गररेको १४४६ जना मध्ये ४१२ जनाको निशुल्क मोतियाविन्दुको अप्रेशन गरिएको छ ।

- परिवार योजना अन्तर्गत स्वास्थ्य चौकी सिसौटियामा संचालित स्थायी वान्ध्याकरण शिविरमा जम्मा १६२ जना महिलाहरुले स्थाई वान्ध्यारण गराएको र उक्त महिलाहरुलाई च्वानाप्रास तथा कम्बल वितरण गरिएको छ।
- नगरपालिकाका विभिन्न वडाहरुमा १५ देखि ४९ वर्ष भित्रका महिलाहरुको स्वास्थ्य को ख्याल गर्दै प्रजनन स्वास्थ्य रुगन्ता को एकीकृत स्क्रिनिंग तथा व्यवस्थापन कार्यक्रम संचालन गरिएको जसमा करिब ८०० जना महिलाहरुको उपचार भएको र ४१ जना पाठेघर खसेको महिलाहरुको अप्रेशन को लागि छनौट गरिएको र ती मध्ये २८ जनालाई अपरेशनको लागि पुरानो मेडिकल कलेज चितवनमा पठाएको छ।
- किशोरीहरुको पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउन एच पी भी खोप अभियान संचालन मार्फत १०३ % प्रगति हाशिल भएकोछ।
- भारतीय राजदुतावासको सहयोगमा मधुवनी स्वास्थ्य चौकीमा १ थान एम्बुलेन्स प्राप्त भैइ संचालनमा आएको छ ।
- प्रदेशको समन्वयमा वडा न २ बेल्बा र वडा न ५ रामवनमा बर्थिंग सेन्टरको भवन निर्माण कार्य भएको छ ।
- बालविकास शिक्षकहरूको लागि रू. ३०००।- प्रति महिना प्रोत्साहन भत्ता उपलब्ध गराएको,
- विद्यालयमा विद्यार्थि बसाई ब्यवस्थापनको लागि आवश्यक फर्निचर तथा पंखा वितरण कार्यक्रम सम्पन्न,
- विद्यालयहरूमा जस्तै नारायणहरी मा.वि., जनता मा.वि. रामबन, बैधनाथ मा.वि. आदी विद्यालयहरूमा भौतिक पुर्वाधार (कक्षाकोठा) भवनहरू निर्माण भएको,
- शिक्षाको गुणस्तर बढाउन तथा शिक्षक विद्यार्थि अनुपात ब्यवस्थापन गर्न नगर स्वयमसेवक शिक्षकहरूको नियुक्ति भएको ,
- विभिन्न तहका शिक्षकहरूको क्षमता विकासको लागि विषयगत तथा आवश्यकतामा आधारित विभिन्न तालिम कार्यक्रमहरू सम्पन्न भएको, ।

आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान, समानीकरण अनुदान, राजस्व बाँडफाड, समपुरक अनुदान र विशेष अनुदान तथा आन्तरीक आयलाई मुख्य श्रोत मानि बजेट तर्जुमा गरि नगरपालिका क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु यस नीति तथा कार्यक्रमका आधारमा सञ्चालन हुनेछन्। आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा निम्नलिखित विषय वस्तुहरुलाई आधार मानी तयार गरिएको छ ।

## अवलम्बनका आधारहरुः

वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न छन् ।

- संघीय गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु।
- स्थानीय तह सम्बन्धी जारी ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानुनी व्यवस्थाहरु ।
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु । वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम् विभिन्न माध्यमबाट संकलन भएका सुझावहरु ।

- विषयगत कार्यालय र निकायबाट प्राप्त राय सुझावहरु ।
- नगरसंग सम्बन्धित विषयगत विभिन्न क्षेत्र बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु संगको परामर्श प्राप्त राय एवम् सुझावहरु ।
- स्थानीय सरकारको प्रमुखका हैसियतले गोडैता नगरवासीहरुका तमाम आशा, अपेक्षा, चाहाना, आकांक्षा, माग र भावनालाई सम्वोधन गर्न नगरको एकीकृत विकासका लागि आगामी आ.व. २०८२/८३ मा अवलम्बन गरिने नीतिहरु प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

## खण्ड-१

### १. प्रारम्भ

नेपालको संविधान र संघीय शासन प्रणालीको तिन तहगत सरकारहरुमा गोडैता नगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ। यस नगरपालिकामा २०७९ वैशाख ३० गते स्थानीय तहको दोस्रो चुनाव सम्पन्न भई कार्यभार ग्रहण गरेको तिन वर्ष पूरा भएको छ। लोकतान्त्रिक अभ्यास र आफ्ना प्रतिनिधि मार्फत जनचाहना अनुरुपका कार्यहरु सुरु भएको छ। यसकार्यहरुमा प्रत्यक्ष/परोक्ष रुपमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु।

### २. अवसर

स्थानीय सरकार सञ्चालन भएपछि यहाँ सम्पन्न २ बटा निर्वाचनले सबै स्थानीय नागरिकलाई उत्साहित बनाएको छ। यहाँ स्थानीय सरकार सञ्चालनपछि विकास निर्माणका कार्यहरु तिव्र गतिमा भईरहेको छ। विभिन्न संभावनाहरु बोकेको छ। तथापी आगामी दिनमा यस नगरपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृत्ति विकास, रोजगार, आयमुलक, सिपमुलक एंव पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु सञ्चालनमा यस नगरको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ, संस्था, स्थानीय बासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागीता निःस्वार्थ ढंगले रहेकाले पूर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ।

स्थानीय सरकार सञ्चालन भएपछि यहाँ सम्पन्न २ बटा निर्वाचनले सबै स्थानीय नागरिकलाई उत्साहित बनाएको छ। यहाँ स्थानीय सरकार सञ्चालनपछि विकास निर्माणका कार्यहरु तिव्र गतिमा भईरहेको छ। विभिन्न संभावनाहरु बोकेको छ। तथापी आगामी दिनमा यस नगरपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृत्ति विकास, रोजगार, आयमुलक, सिपमुलक एंव पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु सञ्चालनमा यस नगरको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ, संस्था, स्थानीय बासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागीता निःस्वार्थ ढंगले रहेकाले पूर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ।

गोडैता नगरपालिकालाई व्यवस्थित र समृद्ध नगरपालिका बनाउन आवश्यक ऐन, नियम, नीति, कार्यक्रम समेत उपयुक्त कार्यन्वयन[1] लागि निम्न अनुसार नीति, कार्यक्रम पेश गरिएको छ ।

१. सोचः

२. गोडैता नगरपालिका वासीहरुको आधारभुत आवश्यक्ता पुरा गर्दै विशिष्ट पहिचान सहितको सक्षम एवं सवल र समाजवाद उन्मुख समाज निर्माणको बाटो अवलम्बन गर्न आत्मनिर्भरतामा आधारित नगर बनाउने मुख्य सोच रहेको छ ।

---

नगर प्रमुख

२. लक्ष्यः

विभिन्न औद्योगिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक, समाजिक महत्वका क्षेत्रहरु रहेको गोडैता नगरपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पूर्वाधारको विकास, कृषिमा आधुनिककरण र नागरिक सशक्तिकरण गर्दै सक्षम एवं सवल बनाउने लक्ष्यका साथ नगरलाई भौतिक, आर्थिक, समाजिक, शैक्षिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले समुन्नत, आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ ।

३. उद्देश्यः

स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी निजी क्षेत्र सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ । आर्थिक तथा समाजिक असमानता हटाउन सुसाशन एवं पारदर्शीता कायम गरी समावेशी समानुपातिक विकास अवधारणामा नगरपालिकाको समग्र विकासका लागि भौतिक पूर्वाधार समाजिक क्षेत्रमा लगानी वृद्धि गरिनेछ। लक्षित बर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा वृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ । सुशासनको प्रत्याभुती सहित ऐतिहासिक कला सांस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधनहरुको अधिकतम परिचालनका साथ समग विकासद्वारा देशकै नमुना नगरपालिकाको रुपमा सबलीकरण गर्दै सक्षम र आत्मनिर्भर नगर बनाउने मुख्य उद्देशय हुनेछ ।

क्षेत्रगत सम्बन्धी नीति तथा आधारहरु

यस गोडैता नगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि यस नगरपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति तथा कार्यक्रम प्रस्तुत गरिएकोछ ।

१. कृषि तथा पशुपन्छी विकास सम्वन्धि नीति :

कृषि क्षेत्रमा आधुनिकरणका लागि कृषि विद्युतिय सिंचाई प्रणालीको आधुनिकरण नीतिलाई अवलम्बन गरिँदै लगिनेछ साथै आवश्यकता अनुसार डिप बोरिङ निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

कृषि उत्पादनलाई आधुनिकरण गर्न उन्नत जातका विउ विजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समुहहरुलाई लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति लिईनेछ । कृषिमा युवाहरुको आर्कषण बढाई स्वरोजगारको विकास एवम आय आर्जनका लागि नगरपालिकाको आन्तरिक माग र बजारमा उच्च माग हुने मौसमी तथा बेमौसमी तरकारी खेती सहित वालीनाली विकास गराउन औषधी छर्ने मेशिन औजार वितरण, समरसेल वितरण, लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।वैज्ञानिक कृषि प्रणाली स्थापनाको लागि संघ र प्रदेश सरकारसँगको समन्वयमा अन्य कार्यक्रम, योजनाहरु ल्याई कार्यान्वयन गरिनेछ । ऐलानी पर्ती जग्गा एवम् सार्वजनिक कृषि योंग्य भुमीको संरक्षण गरी उच्चतम सदुपयोग गर्न नगरपालिकाबाट आवश्यक श्रोत साधन विनियोजन गरी नगरपालिकाको आय अभिवृद्धि गर्नुका साथै स्थानीय रोजगारीको प्रयाप्त अवसर जुटाउन सामुहिक खेती, व्यवसायिक खेती, आँप सुपरजोन कार्यक्रम संग तालमेल हुने खालका कार्यक्रमहरु ल्याइनेछ ।

. निशुल्क कृषि विद्युत कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

## शिक्षा तर्फ

१.विद्यार्थिहरूको शारिरिक तथा मानसिक विकासको लागि अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रम लाई प्राथमिकता दिइनेछ ।

२. प्र.अ. तथा शिक्षकहरूको क्षमता विकासको लागि विभिन्न प्रकारको तालिम संचालन गरिनेछ ।

३. बालविकास शिक्षकहरूको मनोबल उच्च राख्न दिदै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिने तथा विद्यालय सहयोगी लाई थप प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

४. विद्यालयहरूलाई आवश्यकताको आधारमा भौतिक तथा शैक्षिक स्तर सबल बनाउन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

५. प्र.अ. तथा शिक्षकहरूको क्षमता विकासको लागि विभिन्न प्रकारको तालिम संचालन गरिनेछ ।

६. बालविकास शिक्षकहरूको मनोबल उच्च राख्न दिदै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिने तथा विद्यालय सहयोगी लाई थप प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५. स्थानीय तहको लागत साझेदारीमा साक्षर नगर अभियान घोषणाको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

६. विद्यालयहरूलाई आवश्यकताको आधारमा भौतिक तथा शैक्षिक स्तर सबल बनाउन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

नगरभित्र सञ्चालित समुदायिक तथा निजी विद्यालयहरुमालाई व्यवस्थित गरि सञ्चालन गर्ने नीति लिनेछ। अनुमती नलिइ सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
विद्यालय शिक्षाको गुणस्तरसुधार गर्न सम्बद्ध विज्ञहरुवाट अध्ययन अनुसन्धान गरी नगर शिक्षा सुधार गुरुयोजना तर्जुमा गरिनेछ ।

## स्वास्थ्य तर्फ

क. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले  विगत देखि पाउदै आइरहनु भएका सेवा सुविधा हरुलाई चालु आ| मा निरंतारता दिइनेछ .व.

ख. नगर प्रमुखसंग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवाको अभियानलाई प्रभावकारी रुपले सचालन गर्दै ज्येष्ठ नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकता दिइनेछ |

सुत्केरी आमाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दैसुत्केरी आमालाई उप-प्रमुखको कोसेली (सनेश) कार्यक्रम संचालनमा ल्याइनेछ ।



गर्भावातिहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य संस्था मार्फत प्रत्येक महिना घुम्ती ग्रामीण ULTRA SOUND सेवा प्रदान गरिने साथै  ८ पटक गर्भ जाचलाइ प्रोत्साहन गर्दै कुपोषण हुनबाट बचाउन प्रत्येक गर्भ जाचको बेला १ किलो चना वितरण गरिने र ८ औ पटक गर्भ जाचको बेला कीटजन्य रोगहरुबाट गर्भवती र नवशिशुलाई बचाउन सुपानेट झुल वितरण गरिनेछ ।

सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत वडा न ४ रोहुवा , वडा न ६ बगदह र वडा न ११ सिसौंटियालाइ शुन्य Home Delivery वडा घोषणा गर्न अभियान संचालन गरिनेछ ।

ANCtoPNC कार्यक्रमलाई निरंतारता दिइनेछ ।

ग. पूर्ण खोप पालिका सुनिश्चिता एवम दिगोपना लाइ कायम राख्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

घ. स्वास्थ्य संस्था मार्फत गरिने स्वास्थ्य सेवाहरुको अभिलेख र प्रतिवेदनलाई विधुतीय प्रविधिमय बनाउन eHMIS system लागु गरि आगामी आ .व. मा सबै स्वास्थ्य संस्थाहरुमा Laptopको व्यवस्था गरि गुणस्तरीय स्वास्थ्य सेवालाई सुनुश्चिता गरिनेछ ।

ङ. आवश्यकता अनुसार बिभिन्न किसिमका विशेषज्ञ शिविरहरु संचालन गरि विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

च. मातृ मृत्यु दर कम गर्न तथा संस्थागत सुत्केरी ब्रिधि गर्न नगरपालिकाको २ वटै एम्बुलेन्स मार्फत पुर्याउदै आएका निशुल्क एम्बुलेन्स सेवालाई व्यवस्थित गर्दै अझै प्रभावकारी रुपले संचालन गरिनेछ ।

छ. सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री बनाइनेछ ।

ज. कुपोषणको दर कम गर्न बहुक्षेत्रीय पोषण योजना मार्फत बिभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।

झ. नागरिक आरोग्य सेवा केन्द्र मार्फत प्राकृतिक चिकित्सा सेवा लाइ प्रवर्धन गर्दै आयुर्वेद सेवा केन्द्रको सेवालाई थप सुद्रिधिकरण गर्दै स्तरीय जीवनका लागि आहार, विहार र विचार परिवर्तन गराउने अभियान सहित योग शिविर संचालन गरिनेछ ।

ञ. विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण को लागि आवश्यकता अनुसार बिभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।

ट. दिगो विकास लक्ष्य २०३० अनुसार सुरक्षित खानेपानी सरसफाई र स्वच्छता कार्यक्रम अन्तर्गत एक घर एक धारा कार्यक्रमलाई अगाडी बढाइनेछ ।

ठ. वडा न७मा संचालित प्रदेश जनस्वास्थ्य प्रयोगशाला लाइ रेफ्फेरेल प्रयोगशालाको रुपमा विकास गरिनेछ .

ड. क्षयरोग मुक्त पालिका घोषणा गर्न संघको सहयोगमा अभियान संचालन गरिनेछ ।

ढ. रोहुवा, र बग्दाह स्वास्थ्य चौकी (Birthing Center) मा प्रयोगशाला सेवा विस्तार संचालन गरिनेछ ।

ण. हेलो सिस्टर कार्यक्रम लाइ व्यवस्थित गर्दै पूर्ण रुपले आगामी आ व देखि संचालनमा ल्याइनेछ ।

त. वालवालिकामा हुने कुपोष्ण लाइ मध्यनजर गर्दै त्यसको उपचार तथा व्यवस्थापनको लागि सबै स्वास्थ्य संस्थाहरुमा OTC सेवा विस्तार गरिनेछ ।

थ. विधालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अझ प्रभावकारी रुपले संचालन गर्न थप क्रियाकलापहरु संचालन गरिनेछ ।

द. मुस्लिमको समग्र सामाजिक परीवर्तनका लागि गुफ्तागु कार्यक्रम मुस्लिम वसोवास गरिरहेको सबै वडाहरुमा कार्यक्रम संचालन गर्नेछ ।

ध. सम्पूर्ण नगरवासीहरुलाइ स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउन आवश्यक पहल गरिनेछ ।

## ७. खेलकुद तथा अतिरिक्त कृयाकलाप नीति

मेयर कप क्रिकेट कार्यक्रमलाई थप व्यवस्थित, प्रतिस्पर्धी र मर्यादित बनाउँदै सो कार्यक्रमको लागि निरन्नतरता दिइनेछ ।

उप-मेयर भलिवल खेल कार्यक्रम संचालन गरिनेछ ।

शैक्षिक जनशक्तिलाई रोजगार उन्मुख गराउन तथा प्रतिस्पर्धात्मक बनाउनका निम्ति लोकसेवा आयोग, शिक्षा सेवा आयोग जस्ता तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

युवाहरुलाई लक्षित गरी स्वःरोजगार, आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रमहरु सञ्जाल गरिनेछ ।

नेपाल सरकारको सहयोगमा संचालित मेडपा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ८. सामाजिक विकास नीतिः-

. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउन चेतनामुलक, सीपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराउने छ ।

नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पादहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

## ९ सहकारी सम्बन्धी नीति

सहकारीको माध्यमवाट गरिब विपन्न वर्गका सदस्यहरुको संलग्नतामा संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका विच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

सहकारी क्षेत्रको क्षमता अभिवृद्धिको लागि सहकारी शिक्षा नेतृत्व विकास, बजार व्यवस्थापन, ऋण तथा वचत सम्बन्धी र व्यवस्थापन तालिम समन्वयात्मक रुपमा संचालन गरिनेछ ।

दर्ता भएका तर कम्तिमा तीन आ.व. सम्म साधारण सभा नगरि निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ भने एउटै प्रकृतिका सहकारी तथा सदस्य दोहोरिएका सहकारी संस्थाहरुलाई सहकारीको मर्म अनुरुप एकिकरणको प्रक्रियामा लगिनेछ ।

## १०. न्याय कानुन तथा मानव अधिकार तथा सुशासन प्रवर्धन नीति

सामाजिक सदभाव, विपद् व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्बन्धित निकाय संगको विगत देखिको समन्वय, सहकार्य लाई अझ वढी प्रगाढ र फलदायी बनाउदै लगिनेछ ।

नगरपालिकालाई आवश्यक पर्ने ऐन, कानुन, नियम, कार्यविधि र निर्देशिका बनाई विधिको शासनलाई पूर्णरुपमा पालना गरिनेछ ।

सुचना प्रणाली व्यवस्थित गराउदै लानुको साथै नगरपालिकाको विद्युतिय पार्शवचित्र (Digital Profile) तयार गरी सो को आधारमा योजना प्रक्रिया सञ्चालन गरिनेछ ।

११. योजना अनुगमन तथा तथ्याङ्क नीतिः

नगरपालिकावाट संचालन गरिने योजना तथा कार्यक्रमहरु लाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा सम्पन्न गर्नको
लागि प्रत्येक आ.व. को वैशाख मसान्त भित्र कार्यदिश सम्झौता हुने नितिलाई अवलम्वन गरी आषाढ १० सम्म
सम्पन्न गरी सो को भुक्तानी फरक फरक गरी सक्नु पर्ने नीति अवलम्बन गरिनेछ ।
नगरपालिका क्षेत्र भित्र संचालन हुने योजनाको विवरण नगरपालिकाको वेभसाइट वा विद्युतीय माध्यम मार्फत
सार्वजनिक गरिनेछ ।
स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलक योजनालाई प्राथमिकताका आधारमा
क्रमश संचालन गर्ने नीति लिइनेछ ।
साविकमा रहेको बक्यौता बेरुजु एंव पेश्की फैछयौट गर्ने कार्यलाई याजना सहित फछ्यौट एंव असुल उपर ।

१२. राजश्व तथा आर्थिक प्रशासन नीति

नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका श्रोतहरुको सुक्ष्म रुपमा पहिचान र उचित व्यवस्थापन गरी
नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई
प्रभावकारी बनाउदै विशोष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

१३. सुशासन नीतिः

नगरपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधिको नगरवासीहरुलाई सुसुचित हुने अवसर
दिनको लागि सुचनालाई प्रभावकारी बनाउन नगरपालिकामा विद्युतीय माध्यमवाट सार्वजनिक गरिनेछ ।
9

नगरपालिकाबाट दिइने सेवाहरुको सुचना एवम जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्याङ्क, सुचना, कर, नीति
योजना तथा कार्यक्रम लगायताका विषयहरुमा विद्युतीय प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ ।
न्यायिक समिति मार्फत मिलापत्र केन्द्र, न्याय सम्पादन तर्फ सामाजिक सचेतना, सामाजिक सदाव कार्यका लागि
आवश्यक व्यवस्था मिलाईनेछ ।

अन्त्यमा, माथि उल्लिखित आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमका अलवा अघिल्लो वर्षको नीति तथा
कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण नीति तथा कार्यक्रमलाई गन्तव्य सम्म पुर्याइनेछ भन्दै नीति तथा
कार्यक्रमलाई ध्यान दिई मनन गरिदिनु हुने नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका
सदस्य, नगरसभा सदस्य ज्यू, सभाहलमा उपस्थित कर्मचारी तथा सम्पूर्ण महानुभाव नगरवासी सबैमा हार्दिक
धन्यवाद, आभार व्यक्त गर्दछु।

सम्मानित सभाका सदस्यज्यूहरु
अब म आर्थिक बर्ष २०८२/०८३ को अनुमानित आयको बिवरण प्रस्तुत गर्न गइरहेछु ।

## आ.व.२०८२/०८३ आय अनुमान

| | | | |
|---|---|---|---|
| संघिय सरकारको अनुदान | बितिय समाकिरण | १२,६८,००,००० | १२ करोड ६८ लाख । |
| | सर्शत अनुदान पुजिगत | ६,४२,००,००० | ६ करोड ४२ लाख । |
| | सर्शत अनुदान चालु | ३२,०२,३८,००० | ३२ करोड २ लाख ३८ हजार । |
| | सम्पुरक अनुदान पुजिगत | ४,०१,२५,००० | ४ करोड १ लाख २५ हजार |
| | बिशेष अनुदान पुजीगत | ३,१३,२२,००० | ३ करोड १३ लाख २२ हजार |
| | **जम्मा अनुदान** | **५८,२६,८५,०००** | **५८ करोड २६ लाख ८५ हजार** |
| प्रदेश सरकारको अनुदान | बितिय समानिकरण | ८८,३५,००० | ८८ लाख ३५ हजार |
| | सर्शत अनुदान पुजिगत | २५,१५,००० | २५ लाख १५ हजार |
| | बिशेष अनुदान पुजिगत | ३५,२७,००० | ३५ लाख २७ हजार |
| | बिशेष अनुदान चालु | ३०,००,००० | ३० लाख |
| | समपुरक अनुदान पुजिगत | २०,००,००० | २० लाख । |
| | **जम्मा अनुदान** | **१,९८,७७,०००** | **कुल जम्मा १ करोड ९८ लाख ७७ हजार** |
| **आन्तरिक आम्दानी** | | | |
| **राजश्व बाडफाड** | संघिय | ११,१२,५५,५०८ | ११ करोड १२ लाख पच्चपन हजार पाँच सय आठ |
| | प्रदेश | १,००,००,००० | १ करोड |
| | आन्तरिक आय | १,५०,००,००० | १करोड ५० लाख |
| | **गत बर्षको अल्या** | ८,३५,२७,००० | **८करोड ३५ लाख २७ हजार** |
| **जम्मा** | | **८२,८८,१८,०००** | ८२ करोड ८८ लाख १८ हजार |

**यसरी आ.व.२०८२/०८३ को कुल बजेट रु.८२ करोड ८८ लाख १८ हजार मात्र । मध्ये चालु तर्फ ४५ करोड ९४ लाख ९४ हजार र पूजिगत तर्फ ३६ करोड ९३ लाख ३४ हजार मात्र ।**

11

देवेन्द्र कुमार यादव
नगर प्रमुख

**धन्यवाद्**